# बुलिङटार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बुलिङटार, नवलपरासी
### ४ नं. प्रदेश, नेपाल

# योजना सम्झौता फाराम

आ.ब. २०७..../०७....

उपभोक्ता समिति :..........................................................................

वडा नं. :..........................................................................

सम्पर्क नं. :..........................................................................

दर्ता नं.:.............................. सम्झौता भएको मिति...................................

## गाउँ कार्यपालिका र उपभोक्ता समितिविच हुने योजना सम्झौताको फाराम

बुलिङटार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुलिङटार (यसपछि प्रथम पक्ष भनिएको) र बुलिङटार गाउँपालिका वार्ड नं. .....मा संचालन हुने ........................................आयोजनाको लागि मिति २०७.../..../.... मा गठित उपभोक्ता समिति (यसपछि द्धितिय पक्ष भनिएको) विच सो आयोजनाको कार्यान्वयन/संचालन सम्बन्धमा तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

**सम्झौताका शर्तहरुः**

१. आयोजना कार्यक्रम संचालन गर्दा प्रचलित ऐन, नियम, कानुन, निर्देशन, गाउँपालिकाबाट जारी भएका नियम निर्देशिका मापदण्डको अक्षरस पालना गरी विनियोजित बजेटको परिधिभित्र रही अधिकतम जनसहभागितमा लक्ष हाँसिल गर्न मितव्ययी एंव पारदर्शी खर्च गर्नु गराउनु पर्नेछ ।

२. तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा बास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आईटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्न पाईने छैन । यस्तो कार्य गरिएको पाईएमा उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायलाई कालो सूचिमा राखिने छ ।

३. उपभोक्ता समिति वा लाभग्राही समुदायको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्ने छ । खाता सञ्चालकहरुको तीनपुस्ते खुलाई गाउँ कार्यपालिकाको कार्यालयमा अभिलेख राखिनेछ ।

४. उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना कार्यालयले तोकेको ढाँचामा सार्वजनिक गरी गाउँ कार्यपालिकाको कार्यालयमा समेत जानकारी गराउनुपर्नेछ ।

५. गाउँ कार्यपालिकाको कार्यालयबाट निर्वाचित पदाधिकारी, कर्मचारी जुनसुकै बेलामा पनि आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायको आर्थिक कारोबारको विषयमा जाँचबुज वा निरिक्षण वा विल भरपाई तथा स्रेस्ता गर्न सक्नेछ ।

६. उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो खाताबाट आर्थिक कारोबारको भुक्तानी दिदा बैक/वित्तिय संस्था मार्फत गर्नु पर्नेछ ।

७. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरी मेशिनरी तथा उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्ध गरी उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भुक्तानी गरिएको रकम मूल्याङकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. आयोजना वा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायले आयोजनाको भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन कार्यालयले निर्धारण गरेको ढाँचामा तोकिएको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

९. उपभोक्ता समिति वा लाभग्राही समुदायलाई गाउँपालिकाले प्राविधिक सहायता उपलब्ध गराउने छ ।

१०. उपभोक्ता समिति वा लाभग्राही समुदाय वा आयोजना कार्यक्रम सञ्चालन गर्ने निकायले समितिको निर्णयानुसार कार्यक्रम सञ्चालन गर्ने । गाउँपालिकाले तयार पारेको लागत अनुमान र प्राविधिक सल्लाहको अधिनमा रही आयोजना/कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

११. उपभोक्ता समिति वा लाभग्राही समुदायले मासिक रुपमा बैठक बस्ने, बैठकको निर्णय गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी दिने, आयोजना संचालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफुले जिम्मा लिएको काम निर्धारीत समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्णय सहित म्याद थप गर्ने, कार्यक्रम कार्यान्वयन सँग सम्बन्धित सम्पूर्ण खर्चहरुको विल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगती विवरण गाउँपालिकालाई उपलब्ध गराउने, कामको फरफारक गर्नु अघि समिक्षाका लागि सम्भावित सम्पूर्णको आमभेला बोलाई उक्त बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१२. उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत गरिएको कामको लागत मुल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्त समितिका पदाधिकारीहरुको नाम, कार्य सूरु तथा सम्पन्न मिति समेत खुल्नेगरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई गरी सोको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१३. उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत गरिएको निर्माण वा संचालन गरेको कार्यक्रमको जानकारी स्थानिय जनताले माग गरेमा उक्त समितिले उपलब्ध गराउनुपर्नेछ ।

१४. उपभोक्ता समिति वा लाभग्राही समुदायले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मुल्याङकन, सम्झौता अनुसारको नापजाँच र मुल्य खुलेको रनिङविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि राखी सम्बन्धित स्थानमा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को

किस्ता कायम गरी सोही बराबरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयंमले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

१५. उपभोक्ता समिति वा लाभग्राही समुदायले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित गाउँपालिकाका प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गराउनुपर्नेछ र फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनि उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गरी सम्बन्धित फायलमा समावेश गर्नुपर्नेछ ।

१६. कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी दिदा एवं फरफारक गर्नु पूर्व योजना तथा कार्यक्रम अनुगमन समिति र सम्बन्धित वार्डको सिफारिस समावेश गर्नुपर्नेछ ।

१७. कार्य सम्पन्न भएपछि गाउँ कार्यपालिकाले उक्त आयोजनाको रेखदेख मर्मत सम्भारको जिम्मेवारी समेत उक्त उपभोक्ता समितिलाई दिन सक्नेछ ।

१८. कार्यक्रम वा आयोजनाको अन्तिम फरफारक वा भुक्तानी दिदा जम्मा लागतको ४ प्रतिशत ओभरहेड कन्टिन्जेन्सी बापतको रकम र जनसहभागिता बापतको रकम कट्टा गरी दिईनेछ । अन्तिम भुक्तानी लिन आउँदा वा रनिङ विलको आधारमा भुक्तानी लिन आउँदा तोकिएको कागजात विल भरपाई सक्कलै पेश गर्नुपर्नेछ । भुक्तानि दिदा नेपाल सरकारले लागु गरेको नियमानुसार कर कट्टी गरी भुक्तानि दिईनेछ ।

१९. कार्यक्रम वा आयोजनाको फरफारक गर्दा यस सम्झौतामा उल्लिखित शर्त भन्दा बाहेकको अवस्थामा गरिने छैन ।

२०. कार्यक्रम वा आयोजना सम्बन्धि होडिङबोर्ड आयोजना सञ्चालन हुने स्थानमा यस कार्यविधिको अनुसूचि बमोजिम राख्नुपर्नेछ ।

२१. आयोजनाको लागत :-

२२. उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम :-

## सम्झौताको विवरण

समुह गठनमा संलग्न हुने लाभान्वित परिवार संख्या :-

**१) उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, ठेगाना :-   समिति गठन भएको मिति :- २०७..../..../....**

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | | अध्यक्ष | | उपभोक्ता समिति कम्तिमा ७ देखी ११ सदस्यिय हुने, अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित ३३ प्रतिशत महिला हुनुपर्ने । |
| २ | | सचिव | | |
| ३ | | कोषाध्यक्ष | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |
| ८ | | सदस्य | | |

**२) आयोजनाको विवरण :-**

क) आयोजनाको नाम :-
ख) ठेगाना :-
ग) उदेश्य :-
घ) आयोजना स्वीकृत गर्ने निकाय :-
ङ) आयोजना सूरु हुने मिति :- २०७.../..../....
च) आयोजना सम्पन्न हुने मिति :- २०७.../..../....

**३) आयोजनाको लागत सम्बन्धि विवरण :-**

**क) लागत अनुमान रु :-**

| **ख) लागत वेहोर्ने श्रोतहरु** | | **ग) निर्माण सामाग्रीको लागत** | |
|---|---|---|---|
| नेपाल सरकार बाट | रु | **खरिद गर्नुपर्ने सामाग्रीको नाम** | **परिमाण** |
| गाउँपालिकाबाट | रु | | |
| वडा समतिबाट | रु | | |
| गैर सरकारी संघ संस्थाबाट | रु | | |
| समुदायमा आधारित संघ संस्थाबाट | रु | | |

| | | | |
|---|---|---|---|
| विदेशी दातृ संघ संस्थाबाट | रु | | |
| उपभोक्ता समितिबाट | रु | | |
| अन्य बाट | रु | | |
| जम्मा | | | |

| **घ) निर्माण सामाग्री :-** | **ईकाइ** | **परिमाण** | **ङ) आयोजनाबाट लाभान्वित हुने** | |
|---|---|---|---|---|
| विषयगत शाखा वा कार्यालयबाट | | | घर परिवार संख्या | |
| वडा समितिबाट | | | | |
| गैह्रसरकारी संस्थाबाट | | | जनसंख्या | |
| उपभोक्ता समितिबाट | | | | |
| समुदायमा आधारित संस्थाबाट | | | समुदाय | |
| अन्यबाट | | | | |

**४) उपभोक्ता समिति सम्बन्धि विवरण**

क) उपभोक्ता समिति गठन भएको मिति :

ख) उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

ग) उपभोक्ता समिति गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :

घ) आयोजना संचालन सम्बन्धि अनुभव :

**५) उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ता :**

| क.सं. | किस्ता | रकम | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो | | | लागत अनुमानको २० प्रतिशत मात्र । |
| २ | दोस्रो | | | प्राविधिक प्रतिवेदन अनुसार ६० प्रतिशत काम सम्पन्न भएपछि मात्र । |
| ३ | अन्तिम | | | सम्पूर्ण काम सम्पन्न भएपछि । |

**६) आयोजना मर्मत सम्भार वेहोर्ने संस्था (मासिक, चौमासिक, बार्षिक श्रोत)**

क) मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम :

ख) जनश्रमदान

ग) शुल्कबाट रु :

घ) दस्तुर, चन्दा रु :

ङ) लागत सहभागिता, चन्दा रु :

च) व्याज, अन्य वचतबाट रु :

**७) अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धि :**

क) ख) ग)

आयोजना मिति २०७..../..../.... देखि सुरु गरी मिति २०७..../..../.... सम्ममा पुरा गराउने छौ ।

उपर्युक्त वुँदाहरुमा म/हामी पहिलो र दोस्रो पक्ष दुवै मञ्जुर भई एक/एक प्रति सम्झौता हस्ताक्षर गरी बुझि दियौँदियौं ।

| **उपभोक्ता समितिको तर्फवाट** | **गाउँपालिकाको तर्फवाट** |
|---|---|
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |
| दस्तखत : | दस्तखत : |
| मिति २०७..../..../.... | मिति २०७..../..../.... |